परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।
सम्पादक

❑ वर्ष ११ ❑ अंक २७ २०७९ माघ २९ गते आईतवार Sunday 12, FEB 2023 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## सीएनआई एक्सपो सम्पन्न
## औद्योगिक क्षेत्रलाई सुविधा सम्पन्न प्रदर्शनी स्थल आवश्यक

विराटनगर, माघ २८ गते । प्रदेश १ को राजधानी एवं औद्योगिक क्षेत्र विराटनगरमा सुविधा सम्पन्न प्रदर्शनी स्थल आवश्यक रहको प्रदेश १ का मुख्यमन्त्री हिक्मत कुमार कार्कीले वताए ।

उक्त कुरा माघ १९ गते देखि शूरु भएको सीएनआई कोशी एक्स्पो २०७९ को समापन समारोहका प्रमुख अतिथी कार्कीले सभालाई सम्वोधन गर्ने क्रममा वताएका हुन् ।


सीएनआई कोशी एक्स्पो समापनको अवसरमा प्रमुख अतिथी प्रदेश १ का मुख्यमन्त्री लगायत अन्य अतिथीहरु

मुख्यमन्त्री कार्कीले प्रदेश सरकारले उद्योग व्यवसायलाई पनि साथमा लिएर अघि बढ्न चाहेको बताएका छन् । उनले औद्योगिक क्षेत्रलाई सुविधासम्पन्न प्रदर्शनी स्थल आवश्यक रहेको भन्दै त्यसका लागि विवादरहित जग्गाको व्यवस्थापनमा सहयोग गर्न विराटनगर महानगरपालिकाका मेयर नागेश कोइरालालाई आग्रह गर्दै विराटनगर विमानस्थलको स्तरोन्नतिका लागि प्रदेश १ को पहिलो सरकारले त्रिपक्षीय सम्झौता अघि बढाइसकेपनि त्यसपछिका सरकारले त्यसलाई रोकिदिएको भन्दै सबै मिलेर विराटनगर विमानस्थलको विस्तारलाई अघि बढाउनु पर्ने बताए । अन्य स्थानमा रहेका विमानस्थलहरु क्षेत्रीय स्तरको भइसकेको अवस्थामा विराटनगरमा अनेक कारणले काम रोकिएको भन्दै विमानस्थललाई अघि बढाउन विराटनगरबासी जुरुक्कै उठ्नुपर्ने पनि सुझाव दिए ।

कार्कीले आर्थिक क्षेत्र नै आत्तिएको अवस्थामा अहिले मुलुकभर विभिन्न स्थानमा भइरहेका एक्स्पो तथा प्रदर्शनीहरुले थोरै भएपनि अर्थतन्त्रलाई चलायमान बनाउन सहयोग पुऱ्याएको बताए । उनले सीएनआई कोसी एक्स्पोले विराटनगरको मात्रै नभई प्रदेश १ कै आर्थिक गतिविधि बढाउनुका साथै उद्योगी व्यवसायीहरुको मनोबल माथि उठाउन पनि सहयोग पुऱ्याएको दाबी गरे ।

मुख्यमन्त्री कार्कीले अहिलेको अवस्थामा राष्ट्रबैंकले बैंकिङ क्षेत्रको मात्रै संरक्षण गर्न नहुने सुझाव दिए । मौद्रिक नीतिका कारण निजी क्षेत्रको मात्रै घाँटी कसिएको भन्दै राष्ट्र बैंकले अरु उद्योगी व्यवसायी र निजी क्षेत्रको विकासका लागि पनि सोच्नुपर्ने बताए । त्यसका लागि संघीय सरकारले पनि आवश्यक पहल गर्नुपर्नेमा उनले जोड दिए ।

'सरकारले गर्नुपर्ने कतिपय कामहरु निजी क्षेत्रले अघि बढाएका छन्, सरकारलाई सहयोग गरिरहेका छन्, यस्तो अवस्थामा मौद्रिक नीतिले उद्योगी व्यवसायीहरुको मात्रै घाँटी कसिदिएको छ, बैंकहरु लगानी गर्न तयार छैनन्, उद्योगी व्यवसायी ऋण तिर्न नसक्ने अवस्थामा छन्' मुख्यमन्त्री कार्कीले भने, 'कसैले पनि निजी क्षेत्र र बैंकका बिचमा सम्बन्ध चिसिने गरी काम गर्नु हुँदैन, यो समस्या अविलम्ब हल हुनुपर्छ, बैंकले मात्रै आफ्नो क्षेत्र सुरक्षित गरेर मुलुकको आर्थिक विकास सम्भव छैन ।'

विराटनगरको विकासमा मेयर नागेश कोइरालाले देखाएको हुटहुटीप्रति आफु निकै संवेदनशिल भएको भन्दै प्रदेश सरकारको तर्फबाट मिलेर अघि बढ्न तयार रहेको पनि जानकारी दिए । उनले विराटनगरमा विवादमा अलपत्र बनेको रिङरोडको विवाद समाधान

वांकी अन्तिम पेजमा...

## पहिचान र सांस्कृतिको लागि संघर्ष गर्दै विराट राजवंशी

राजेश कुमार राजवंशी

विराटनगर, माघ २६ गते । राजवंशी समाज उत्थान समिति (विराट) ले गुमेको पहिचान, प्रतिष्ठा र परम्परागत सांस्कृतिक मुल्य मान्यता प्राप्तिका लागि १६ वर्षदेखि संघर्ष गर्दै आएका छन ।

उक्त कुरा राजवंशी समाज उत्थान समिति (विराट) को १६औं वृहत भेलाको बारेमा जानकारी दिन उदेश्यले गरेको पत्रकार सम्मेलमा समनजका सभापति भुवनेश्वर मण्डल राजवशीले वताएका हुन ।

सरकारको ध्यानाकर्षण गर्नका लागि विराट राजवंशीहरूको १६ औं वृहत भेला फागुन ६ गते विराट राजवंशी सितलु दास गुठीको प्राङ्गण विराटनगर-४ कन्चनवारीमा हुने भएको छ ।

विराट राजवंशीहरु पुर्वी नेपालको १ नं. प्रदेशको भुमीपुत्र आदिवासी भएको र उनीहरुको छुट्टै संस्कृति र परम्परा छ । इतिहास हेर्ने हो भने विराट राजवंशीहरु न पहाड वाट झरेका न त बसाई सरेका हो विराट राजवंशीहरुका पुर्खाहरु भुमीपुत्रहरू यस क्षेत्रमा नभई देको भए सायद यो विराटनगर र यो विराट क्षेत्र हुने थिएन । समाजको प्रेस विज्ञप्तीमा उल्लेख छ ।

विराट राजवंशीहरुको मागहरुलाई वेवास्ता गरे यसका विरोधमा विराट राजवंशीको मात्र नभई आदिवासी जनजाती सुचिउन्मुख खवास, मुडियारी, राजधामी, कुलुङ, देवान लगायत ४२ वटा जातिहरुको संयुक्त आन्दोलन हुनेछ वताउँदै आन्दोलनबाट हुन जाने क्षतिको जिम्मेवारी राज्यले लिनु पर्ने राजवंशीको भनाई थियो ।

विराट राजवंशीका मागहरु

१. बिराट राजवंशीलाई आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानमा छुट्टै सुचिकृत गर ।

२. राज्यको हरेक अङ्गमा विराट राजवंशीको स्थान सुरक्षित गर ।

३. विराटनगरको प्रथम जातिको रुपमा विराट राजवशीलाई घोषण गर ।

४. १ नं. प्रदेश सभा सदस्यमा यस प्रदेश राजधानीका मुल आदिवासी विराट राजवंशीलाई समानुपातिक रुपमा प्रतिनिधित्वको सुनिश्चित गर ।

५. विराटनगर महानगर पालिका र कटहरी, जहदा, बुढीगंगा,

वांकी अन्तिम पेजमा...

## प्रथम प्रादेशिक लघुवित्त सदस्य सम्मेलन विराटनगरमा

विराटनगर । प्रथम प्रादेशिक लघुवित्त सदस्य सम्मेलन विराटनगरमा आज हुँदै छ ।

प्रदेश नं: १ को प्रथम प्रादेशिक लघुवित्त सदस्य सम्मेलन वारे जानकारी दिने उदेश्यले गरीएको पत्रकार गरी माघ २९ गते सम्मेलन हुने प्रथम प्रादेशिक लघुवित्त सदस्य सम्मेलनका संयोजक संजय कुमार मण्डलले वताएका थिए ।

लघुवित्तको क्षेत्रमा विकास प्रवद्धन लगायत गरिव वर्ग पनि ऋण लगानी गर्न योग्य छ, भन्ने मान्यतालाई स्थापित गर्न सम्मेलनको मुख्य उदेश्य रहेको मण्डलले वताए ।

प्रदेश १ मा रहेका लघुवित्त संस्था र तिनवटा सहकारी संस्थाहरु आयोजक समितिमा रहेको छ, भने राष्ट्र सहकारी बैंक, राष्ट्र बैंकसंग सहकार्य गरेको उहाँले जानकारी गराए थिए ।

प्रथम प्रादेशिक लघुवित्त सदस्य सम्मेलनको प्रथम सत्रमा लघुवित्तबाट सदस्य हरुमा परेको प्रभाव बारे सफल उद्यमीहरुको अनुभव, अनुभुति र मनका कुरा महेन्द्र कुमार गिरी, सदस्य आयोजक समिति सदस्यहरुबाट अनुभव तथा सफलताको कथा प्रस्तुतिकरण ६ जनाले दिनुहुने छन ।

दोस्रो सत्रमा लघुवित्तको मर्म तथा वित्तीय साक्षरता एवं ग्राहक संरक्षण बारे पृथ बहादुर थापा, का.मु. प्र.का.अ., आरएमडीसी ल.वि.स. प्रस्तुति दिने छ भने कार्यपत्र प्रस्तुति डा. भेष प्रसाद धमला, अध्यक्ष नेरुडे लघुवित्त वित्तीय संस्था लि. गर्नु हुने छ भने ग्राहक सदस्यको तर्फबाट एक जना सदस्य आफ्नो प्रस्तुति दिनु हुने छ ।

तेस्रो सत्र नेपालमा लघुवित्तको महत्व र आवश्यकता बारे भोजराज बस्याल, सहसंयोजक आयोजक समिति लघुनाटक प्रस्तुतिकरण रहने छ ।

लघुवित्त संस्थाले अहिले सम्म उक्त सेवा अर्न्तरगत ४ खर्ब, ५७ अर्ब १८ करोड, ६३ लाख ३६ हजार

वांकी अन्तिम पेजमा...




SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

## देखिने...

हो, देश विकसित होस् । साथै, देशलाई आवश्यक सबै सहयोग गर्न तयार जनता समृद्ध नेपालको चाहना वर्षौंदेखि बोक्दै आएका छन् । त्यसका लागि राष्ट्रिय पूँजीले बढी भन्दा बढी निर्माण होस् भन्ने आकांक्षा समेत बोक्छन् ।

यतिवेला नव धनाढयहरु बढोत्तरी नभएका होइनन् तर राष्ट्रिय पूँजीपतिको कमी अहिले पनि छन् । नवधनाढयको आम्दानीको श्रोत राजनीतिक शक्ति बनेको घामझैं छर्लङ्ग छ । गैरउत्पादन क्षेत्रमा लगानीमार्फत् जसरी नाफा असुल्ने भए, त्यसले पूँजीपति निर्माणमा अवरोध पुर्यायो । देश जहिले पनि व्यापार घाटा सहँदै आयो ।

धन्न, साना किसानहरु जो केही मात्रामा देशलाई उत्पादन क्षेत्रमा योगदान दिंदै आएकोले आर्थिक संकट भोग्नबाट देश जोगिएको छ । अन्त्यमा, राज्यले अब यही साना किसानको हितलाई केन्द्रमा राखी नीति तर्जुमा गरुन् ता कि देशको अर्थतन्त्रको जग भत्किन नपाओस् । अर्थात् विकासका योजनाहरु चमक दमक भएका कम्पनीहरुको स्वार्थपूर्तिका लागि भन्दा ग्रामीण साना किसानहरुको हित गर्ने नीतिले नयाँ सरकारको भ्रष्टाचार नियन्त्रण गर्ने पाइला संकेत गर्ने हो । फेरि पनि देखिने विकास भित्र नदेखिने भ्रष्टाचार मौलाउन नपाओस् । लेखक त्रिवि कीर्तिपुरमा एमफील-पिएचडी अनुसन्धानमा संग्लग्न छन् । रातोपाटीवाट

बेटा बेटीके बीचमे विभेद नय करू दोनोके स्कुल भेजु ।

## एक्स्पो...

गर्न प्रदेश सरकार पनि सहयोग गर्न तयार रहेको मुख्यमन्त्री कार्कीले स्पष्ट पारे ।

महिला, वालवालिका तथा ज्येष्ठ नागरिकमन्त्री भगवति चौधरीले विराटनगरदेखि धरानसम्मको आर्थिक क्षेत्रमा औधोगिक लगानी बढाउनका लागि आफुले पनि पहल गर्ने बताइन् । आफु पनि आर्थिक रुपमा अघि बढ्ने र राज्यलाई पनि कर तिरेर योगदान गर्ने उद्योगी व्यवसायी हरुको अप्ठेरोलाई हटाउन सरकारमा आफुले पनि लविङ गर्ने जानकारी दिइन् । निजी क्षेत्रको अग्रसरता र लगानीमा आयोजना गरिएको एक्स्पोले आर्थिक गतिविधि बढाएको मन्त्री चौधरीले बताइन् । बैंकले ७ प्रतिशतमा लिएको ऋणलाई १६ प्रतिशतसम्म पुर्याएको भन्दै त्यसले अर्थतन्त्रमा नकारात्मक असर पुर्याएको उनले बताइन् ।

प्रदेश १ का सामाजिक विकासमन्त्री बुद्धिकुमार राजभण्डारीले नेपालसहित छिमेकी देशबाट पनि उद्यमीहरु एक्स्पोमा आएर नेपालसँगको मित्रवत् सम्बन्ध कायम राख्न सघाउ पुर्याएको बताए । निजी क्षेत्रको प्रयासमा प्रदेश सरकारले पनि सकेको सहयोग गरेको जानकारी दिंदै एक्स्पोले आर्थिक मन्दीलाई चिर्नका लागि ठुलो योगदान गरेको दाबी गरे ।

विराटनगर महानगर पालिका का मेयर नागेश कोइरालाले विराटनगरमा हुने आगामी एक्स्पो अझ राम्रो र व्यवस्थित रुपमा आफ्नै प्रदर्शनी स्थलमा गर्नका लागि महानगरपालिकाले सकेको सहयोग पुर्याउने विश्वास दिलाए ।

'हामीलाई प्रदर्शनी स्थल नभई भएको छैन, उद्योगी व्यवसायीहरुले संरचना निर्माणमा गरेको लगानी बालुवामा पानी जस्तै भएको छ' कोइरालाले भने, 'प्रदर्शनी स्थललाई अघि बढाउने बिषयमा निर्णयहरु भइसकेका छन्, यसपछि १० दिनभित्र हामी बसौं, महानगरले अब ठोस निर्णय गर्दछ, प्रदर्शनी स्थल बनाएर छाड्छौं ।'

उनले स्थानीय कला, संस्कृतिको जगेर्नाका लागि एक्स्पो महत्वपूर्ण उपलब्धि बनेर सम्पन्न भएको तथा धार्मिक पर्यटन विकासमा पनि सहयोग पुगेको दाबी गरे ।

मेयर कोइरालाले विराट नगरमा अन्तर्राष्ट्रिय विमानस्थल आवश्यक रहेको भन्दै त्यसलाई अघि बढाउन महानगर साथ दिन पनि तयार रहेको बताए । जोगवनीदेखि किमाथांकासम्मको सडक निर्माण समयमै हुनसके यस क्षेत्रको विकास र रोजगारी सिर्जनामा मद्दत पुग्ने उनले बिचार राखे ।

सीएनआई प्रदेश १ का अध्यक्ष भीम घिमिरेले एक्स्पो अत्यन्तै सफल भएको दाबी गरे । उनले महिला उद्यमी, साना तथा लघु, घरेलु उद्यमीहरुको उत्साहपूर्ण सहभागीताका लागि स्थानीय तहहरुले गरेको सहयोग धेरै अर्थपूर्ण रहेको बताए । साना उद्यमीहरुले निशुल्क रुपमा स्टलहरु प्राप्त गरेर आफ्ना उत्पादन बजारमा पुर्याउन पाएको भन्दै एक्स्पो अविस्मरणीय रहेको बताए ।

सगरमाथादेखि केचना सम्मको झल्को आउने गरी प्रदेश १ लाई चिनाउन र विभिन्न जातजातीका खाना परिकारको प्रवर्द्धनमा एक्स्पो महत्वपूर्ण अवसर बनेको जानकारी दिए । उनले एक्स्पोलाई असफल पार्ने उदेश्यले विभिन्न पक्षहरु लागेर अदालतसम्म पुर्याएपनि त्यसले आयोजक टिमलाई अझ सक्रिय भएर काम गर्न सहयोग पुगेको टिप्पणी गरे ।

'सवै क्षेत्रको सहयोग रहँदा रहँदै पनि हामीले अदालत सम्मको अवस्था खेप्यौं, हामीमाथि कालो कोठरीमा बसेर नहसनहस बनाउने प्रयत्न भयो' उनले गुनासो थियो, 'तर त्यो दुष्प्रयास सफल हुन सकेन, त्यति नभएको भए एक्स्पो पनि अझ व्यवस्थित नहुने रहेछ भन्ने बुझाई बनाएर अघि बढ्यौं ।'

समापन कार्यक्रममा एक्स्पोकी सह-संयोजक गिरिजा सारडाले एक्स्पोलाई प्रवर्द्धन गर्न सुरुवातदेखि नै मोटर ऱ्याली लगायतका गतिविधि गरिएकोले प्रचार प्रसार प्रभावकारी रहेको बताइन् । साथै साँस्कृतिक कार्यक्रमहरुले स्थानीय कलाकारहरुलाई पनि सहयोग पुगेको जानकारी दिइन् ।

एक्स्पोको उद्घाटनमा उत्कृष्ट झाँकी प्रदर्शन गर्ने नेपाल मुण्डा समाज, थारु कला केन्द्र र नेपाल बाँतर सरदार समाजलाई सम्मान गरिएको थियो । त्यसैगरी प्रायोजकतर्फ केएल दुगड ग्रुप, जयश्री चप्पल, बैंकिङ पार्टनर सिद्धार्थ बैंक र मुख्य प्रवर्द्धक विराटनगर महानगरपालिकालाई सम्मानपत्र प्रदान गरिएको थियो । एक्स्पो सफल पार्न सहयोग गर्ने सीएनआई युवा उद्यमी मञ्चका पदाधिकारीहरु र युवा उद्यमीहरु, महानिर्देशक विजयहरि शर्मा लगायतलाई पनि सम्मानपत्र प्रदान गरिएको थियो ।

संकटोन्मुख रहेको मुलुकको अर्थतन्त्रलाई एक्स्पोका माध्यमबाट थोरै भएपनि चलायमान बनाउन भन्दै नेपाल उद्योग परिसंघ (सीएनआई) प्रदेश १ ले आयोजना गरेको १० दिने एक्स्पो शनिबार समापन गरिएको हो ।

एक्स्पोमा करीव चार लाख अवलोकनकर्ताहरुले अवलोकन गरेको जनाइएको छ । कठिन अवस्थामा हरेक कुरालाई जुटाएर पहिलो पटक आयोजना गरिएको एक्स्पो सोचेभन्दा धेरै सफल भएको आयोजकले दाबी गरेको छ ।

एक्स्पोलाई भव्यताका साथ सम्पन्न गर्न सवै क्षेत्रको भूमिका रहेको भन्दै एक्स्पोका संयोजक राजेन्द्र राठीले धन्यवाद ज्ञापन गर्दै समापन समारोह सम्पन्न भएको घोषणा गरका थिए ।

## प्रथम...

एक सय ८० रुपैयाँ कर्जा लगानी गरिसकेको उहाँले बताउनुभयो । प्रदेश १ भित्र रहेका लघुवित्त संस्थाहरुले १ खरब, ६४ अरब, १९ करोड, ६० लाख ६५ हजार ६ सय रुपैयाँ बचत परिचालन रहेको आयोजकले जनाएको छ । सम्मेलनले लघुवित्त संस्थामा आवद्ध सदस्यहरुको स्तरउन्नती गर्ने खालको योजना तयगर्ने उहाँले जनाउनुभयो । महिला तथा जेष्ठनागरीक मन्त्री भगवती चौधरीले सम्मेलनको उदघाटन गर्ने कार्यक्रम रहेको संयोजक मण्डलले जानकारी गराए ।

## पहिचान...

धनपालथान एवम ग्रामथान गाउँपालिका क्षेत्रलाई विराट राजवंशीको स्वायत्त परिषदको व्यवस्था गर ।

६.विराट राजवंशी समुदाय को उत्थानका लागि प्रत्येक तह र अङ्गहरुमा छुट्टै आरक्षणको व्यवस्था गर ।

७. भेडियारी स्थित बिराट दरवार क्षेत्रको संरक्षण एवम प्रवर्द्धनका लागि विराट राजवंशी समुदायको नेतृत्वमा पर्यटकिय क्षेत्रको रुपमा विकास गर ।

८. १ नं. प्रदेशलाई विराट प्रदेश घोषण गर ।

हार्दिक अनुरोध

- सार्वजनिक स्थळमा छाडा चौपाया नछाडौ ।
- बाळश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसळ व्यवसाय संचाळन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थळमा फोहर नफाळौ । गाउँळाई सफा राखौ ।
- महिळा हिंसा अन्त्यका ळाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुळाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

धनपालथान गाउँपालिकाको कार्यालय, कर्सिया मोरंग, प्रदेश १

सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।

- सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं ।
- सार्वजनिक सम्पति स्याहार संभार गरी सार्वजनिक काममा प्रयोग गरौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको कर्तव्य हो ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानिनोक्सानी कानूनी रुपमा दण्डनीय हुन्छ ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानिनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो ।

नेपाल सरकार विज्ञापन बोर्ड




परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### सबै जातजातिलाई पहिचान देऊ

नेपालको संविधान २०७२ ले प्रास्तवनामै नेपालभरी सबोवास गर्ने सवै जातजाति धर्मलाई समान आधिकार दिएका प्रष्ट लेखिएको छ। तर पनि नेपालमा बसोवास गरीएका कतिपैय जातिहरु अहिले सम्म पहिचान पाएका छैन। नेपालको संविधानले नेपालमा बसोवास गरेको जातजातिलाई उच्चवर्ग, आदीवासी जनजाति, दलित, मुस्लिम भनेर छुट्याईका छ। ती भित्र नपर्ने दर्जनौ जातजातिहरुलाई अहिल सम्म किन मान्यता नदिएवाट नेपालमा जातिय विभेद कायम नै रहको प्रष्ट हुन्छ। दर्जनै जातजातिहरु पिछडावर्गमा सुचीकृत गरी पाउँ भन्दछन भने कतिपय जातिहरु आदीवासी जनजातिमा सुचीकृत गरीपाउँ भनी वर्षौ देखि आन्दोलन गर्दै आएका छन्। तर नेपाल सरकार कानमा तेलहालेर सुतिरहको आन्दोलन कारी जातजातिहरुले आरोप लगाउँदै आएको छ।

विराटनगर क्षेत्रमा सदियौ देखि बसोवास गर्दै आई रहको राजवंशी समाज उत्थान समति (विराट) ले १६ वष देखि निरन्तर सरकारलाई देखाउने गरी आफ्नो गुमेको पहिचान, प्रतिष्ठा र परम्परागत सांस्कृतिक मुल्य मान्यता प्राप्तिको लागि विभिन्न किसिमका कार्यक्रमहरु गर्दै आएका छन्। विराट राजवंशी मात्र होईन आदिवासी जनजाती सुचिउन्मुख खवास, मुडियारी, राजधामी, कुलुङ, देवान लगायत ४२ वटा जातिहरुको संयुक्त आन्दोलनको तयारीमा रहको छ। आफ्नो पहिचानको लागि पनि आन्दोलन गर्नु पर्ने वाध्यता राज्यले सृजना गरेको ती जातीका अभियन्ताहरुले आरोप लगाउँदै आन्दोलवाट हुने क्षतिका जिम्मेवारी सरकारले लिनु पर्ने छ।

सदियौ देखि नेपालमा वसोवास गरी आएका जातजातिहरुलाई उसको पहिचान दिन पनि सरकारले अनाकानी नगरी तुरुन्त ती जातजातिहरुका अध्ययन अनुसन्धान गरी तत्काल तीनीहरुको पहिचानको मागलाई सम्वोधन गर्नु पर्छ। ती जातजातिको भोट लिएर प्रधानमन्त्री, मन्त्री, राष्ट्रपति, सांसद लगायतका नेता वन्ने तर तिनीहरुलाई पहिचानका अधिकारवाट वञ्चित राख्ने विभेदकारी नितीलाई तुन्त अन्त गरी पहिचानकोा अधिकार दिनु जरुरी छ। अन्यथा फेरी पनि देशमा ती जातिहरुले अनाहक आन्दोलन चर्काएमा देशमा हुने भौतिक संरचनाहरुको क्षतिले देशलाई घाटा नपुग्न भन्न सकिन्न।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउंने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ। भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# देखिने विकास र नदेखिने भ्रष्टाचार

**सीएन थारू**

विकास के हो ? विकास भौतिक पूर्वाधार मात्र हो त ? सामान्यतया विकासको महल ठडिंदै गर्दा भ्रष्टाचारबारे गाउँ टोलमा चर्चा सुरु भइहाल्दो रहेछ। नहुनु पनि कसरी ? संसारमा असफल भइसकेको उपभोक्ता समितिको माध्यमले विकास कार्य गर्ने नीति अहिले पनि नेपाल सरकारले अगाडि बढाउन लागि परेको छ।

स्थानीय तहको विकास आयोजनाहरु भ्रष्टाचारमुक्त हुने नारा चुनावताका सबै दलका उम्मेदवारले बोके तर जब ती आयोजनाहरु कार्यान्वयनको चरणमा पुग्दछन्, सबैले भ्रष्टाचार नदेखिने गरी गर्न पुग्नु उनीहरुको दक्षता मानिन्छ।

अर्थात् विजयी घोषणा भएका जनप्रतिनिधीहरुको दक्षताको सूचाङ्क उनीहरुले सेटिङ्गमार्फत् निरन्तरता दिने गरेको विकास हो। यस्तो कहालीलाग्दो समयमा समेत मतदाताहरु केही बोल्न नसक्नुको कारण उनीहरु मतदान पश्चात जनताको हैसियतबाट च्यूत बन्न पुगेको हो भन्ने बुझ्न सकिन्छ।

विकासले नै मानिसको जनजीविका सहज बनाउँदै लग्ने हो। अर्थात् विकाससंग मानिसको जीवन जोडिएको हुन्छ। मानिसको लागि जीवन अति प्यारो हुने हुँदा उनीहरु विकासको नाममा जीवनसंग सम्झौता गर्ने पक्षमा देखिन्नन्।

तर विकासको नाममा लोभिने औसत मानिसहरु विकासलाई भौतिक पूर्वाधारसंग मात्र जोडेर हेर्ने गर्छन्। त्यसैले, अग्ला अग्ला भवन, चौडा बाटो, मोटर गाडीको सुविधा, शिक्षा-स्वास्थ्यको सहज उपलब्धता आदि विकासको परिभाषा अन्तरगत समेटिन्छन्।

यसरी विकास शब्दसंग आकर्षण हुन्छ र विकासको रंगिन दुनियाँमा मानिसहरु भुल्ने गर्दछन्। आज विकासको लाभ सीमित मानिसहरुले मात्र लिन सकेको जनगुनासो सर्वत्र पाइन्छ।

विकासको आफ्नो अर्थराजनीति हुन्छ। यसले नै विकासको लाभ कसले लिन सक्ने भन्ने विषयको छिनोफानो समेत गर्दछ। साथै विकाससंग ज्ञान जोडिएर आएको हुन्छ र सो ज्ञानमा जसको पहुँच हुन्छ, अन्ततः उसैको भागमा विकास फलदायी हुने देखिन्छ।

विकासको मोडेलमा सहभागितामुलक विकासको नमुनाको रुपमा कुनैवेला प्रगन्ना सिंचाई मानिन्थ्यो। दाङको देउखुरी उपत्यका सिँचाइ गर्ने सो आयोजनाको व्यवस्थापन समेत प्रगन्ना भरिका अगुवाहरुको नेतृत्वमा हुन्थ्यो।

प्रगन्नाको इतिहास लामो भए पनि हाल ती जस्ता नमुना विकासको विस्थापन भएर उपभोक्ता समिति बनाई काम हुँदै आएको र अर्कोतिर विकाससंग जनता जोडिन नसकेको स्थिति छ।

विकासको मापदण्ड लगायत स्तरीयताबारे कसैले खोजी नगर्ने हुँदा स्थानीय तहका विकास योजनाहरु लथालिंग हुने गरेका छन्। काम सम्पन्न हुँदै गर्दा समेत यी विकास आयोजनाहरु कर्मचारी तथा उपभोक्ता समितिको मिलोमतोमा सार्वजनिक सुनुवाई विना नै हिसाव किताव फछ्र्यौट गरिन्छ।

यसखाले गतिविधिले बेरुजु नदेखिने गरी उपभोक्ता समितिका पदाधिकारीले छुटकारा पाउँछन्। नदेखिएको भ्रष्टाचारको जरो पत्ता लगाउन जटिल बनाएको यही कारणले हो। भ्रष्टाचारमार्फत् देश झन् झन् गरिब हुनु र विश्व रंगमञ्चमा अल्पविकसित देशको पहिचान पाउनु आफैंमा लाजमर्दो विषय हुन्।

सरकार चलाउने उपरोक्त पुरानो कार्यशैली बदल्नैपर्छ। जनताको सुविधा वितरणमा सरकार जिम्मेवार बन्ने हो भने सबैभन्दा पहिला गाउँ गाउँमा सिंहदरबार भन्ने नारा उल्ट्याउन सक्नुपर्छ।

यतिखेर नयाँ सरकारको अगमनसंगै कार्यक्रमहरुको प्राथमिकीकरण गर्ने काम अगाडि बढेको हुनुपर्छ। नारा फेरि पनि समृद्ध नेपाल-सुखी नेपाली नै काफी होला। यो नेपालको नयाँ पहिचान दिन सफल हुने संकल्प हुन्छ कि हुन्न ? गठबन्धन दलहरुबीच सम्झौता गरेर कार्यक्रम तयार गर्ने कि गर्नैपर्ने कामहरुको प्राथमिकीकरण गर्ने ? त्यस्तै, जनसहभागितामा विकासको सपना बुन्ने कि कार्यकर्ता पोषणका लागि उपभोक्ता समिति बनाएर विकास कार्य अगाडि बढाउने ? भन्ने सवाल जिउँदो छ।

दलहरुलाई स्पष्ट नै छ कि स्वार्थ बाझ्ने र जानी जानी बझाउने काम आत्मघाती हुनेछ। तर पनि यो सरकार स्वार्थको मिलनबीच निर्माण भयो। यो सरकारले समेत जोखिम लिएर अगाडि जाला, त्यो छाँट देखिन्न।

यतिसम्म कि राजनीतिक निर्णय लिन त टाढाको कुरो भयो। जनता माझ यसखाले अविश्वास किन बढेर आयो ? कुनै दललाई हेक्का छ कि भन्ने संकेतसम्म पाइँदैन। सबै आफ्नो आफ्नो दाउ कुशलतापूर्वक लगाएको महसुस गर्दैछन्।

सरकार चलाउने उपरोक्त पुरानो कार्यशैली बदल्नैपर्छ। जनताको सुविधा वितरणमा सरकार जिम्मेवार बन्ने हो भने सबैभन्दा पहिला गाउँ गाउँमा सिंहदरबार भन्ने नारा उल्ट्याउन सक्नुपर्छ।

त्यसको अर्थ गाउँ गाउँमा सक्षम र अधिकार सम्पन्न सरकार निर्माणको विधि पद्धति मिलाउनु जरुरी छ। अर्थात् स्थानीय तह दलविहीन स्वरुपको ढाँचामा निर्माण गर्ने नीति अबलम्बन गर्नुपर्छ। यसो हुन गयो भने सक्षम व्यक्तिहरुको छनौट निर्वाचनमार्फत् हुने सम्भावना जीवित रहने भयो भने अर्कोतिर कार्यकर्ता पोषणका लागि उपभोक्ता समिति भन्दा अर्को विकल्पको खोजी गर्न स्थानीय सरकार ऐन निर्माण गर्न प्रयत्न गर्ने भए।

दोश्रो, सामाजिक तहमा पृष्ठभूमिमै गएर दलहरुले आफ्नो तहगत संरचना निर्माण गर्न जोड दिने स्थिति कम रहने हुँदा वहस स्थानीय ज्ञान र प्रविधिमा केन्द्रित रहने देखिन्छ। ती ज्ञान र प्रविधिले निर्माण गर्ने मूल्यहरुको जगमा नयाँ सामाजिक चेतना स्वस्फूर्त पलाउने छ, जसले स्वत्वको भाव झल्किने भयो।

साथै, आत्मनिर्भर हुने अर्थतन्त्रको जग नयाँ चेतना जब सामूहिकतातर्फ आकर्षित बन्दै जानेछ, स्वाभिमानका मनोदशा सशक्त हुँदै जानेछ। यही सन्दर्भमा नदेखिने भ्रष्टाचारको जरासमेत कमजोर हुने देखिन्छ, कारण भ्रष्टाचारलाई भरथेग गर्ने राजनीतिक संरक्षण कर्मचारी लगायत कार्यकर्ताहरुले पाउने सम्भवाना न्यून हुँदै जानेछ।

जसरी देहिक विकासको परिभाषाअन्तरगत फुकेको देहले नकारात्मक सन्देश दिन्छ, त्यसरी नै भौतिक पूर्वाधारको विकास मात्रले समाजमा नकारात्मक सन्देश दिन्छ। समाज बलियो बनाउने उपायमध्ये भौतिक पूर्वाधारको विकास त्यस क्षेत्रका जनतालगायत अन्यको आर्थिक संघर्षमा समेत टेवा पुर्याउने हुनुपर्दछ। अर्थात् पूर्वाधार विकाससंग उसको जीवन जोडिनु जरुरी हुन्छ।

राज्यबाट सुरक्षाको ग्यारेन्टी भएको अनुभूति यही भौतिक पूर्वाधारको विकासमार्फत् जनताले महसुस गर्न पाउनुपर्छ। त्यसो भएमा राजस्वमा छली, समयमा कर नबुझाउने परम्परालगायत देशलाई घाटा पुर्याउने काम न्यून बन्दै जानेछ।

भ्रष्टाचारको घटनामा शुन्य सहनशिलता अपनाउने नारा सार्थक बन्न सकेको छैन। नीतिगत भ्रष्टाचार त वहसमा नै छिरेको पाइँदैन। कानुनी छिद्र कायम राखी भ्रष्टाचार उन्मुलनको कामले जस पाउने देखिदैन कारण पहुँचवालाहरु यही कानुनी छिद्र प्रयोग गरेर उम्किने ठाउँ पाएका छन्।

जनताको नजरमा भ्रष्टाचार गरेको व्यक्तिहरु कसरी कानुनी रुपमा चोखिए त ? अदालती फैसला पक्षपाती हुन्न भन्ने ठाउँ जनतामाझ उपलब्ध छ ? जे होस् जिम्मेवार न्यायाधीशलगायत कानुनका विद्यार्थीहरु नै यसमा अस्वीकारोक्ति व्यक्त गदछन्।

हाम्रो अन्तर मनको चाहना

वांकी अन्तिम पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरिसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# आइपीसीमा भएको दुर्घटनामा परी, सुरक्षा गार्डको मृत्यु

विराटनगर । विराटनगर भन्सार कार्यालय (आईसिपी) छेउमा सवारी दुर्घटनामा परी एक जना सुरक्षा गार्डको घटनास्थलमै मृत्यु भएको छ ।

शनिवार राती बिराटनगर १८ लावाघाट स्थित आईसिबी बिराटनगर सडक खण्डमा भएको सवारी दुर्घटनामा परी झापा मेचीनगरपालिका १३ चार आलि घर भएका ४५ वर्षीय राजन गिरीको मृत्यु भएको हो ।

उनी आईसिपीमा सुरक्षा गार्डको रूपमा कार्यरत छन् । सुनसरीको इटहरी ९ मा रहेको सुदर्शन सेक्युरिटी सर्भिस प्रालिमा कार्यरत थिए । उनको ४२ वर्षको श्रीमती, २३ बर्सिया छोरी र १६ वर्षको छोरा रहेका छन् । डियुटि सकेपछि बैङ्कमा पैसा झिक्न स्वकुटि लिएर गएका थिए ।

उनी चढेको मे १० प ९१६१ नम्बरको स्वकुटीलाई भारतीय नम्बर प्लेटको एनएल ०२ जी ८९५२ नम्बरको लहरीले ठक्कर दिएको थियो । भारतीय नम्बर प्लेटको गाडीले ठक्करबाट गिरीको घटनास्थलमै मृत्यु भएको मोरङ ट्राफिक प्रहरी प्रमुख ट्राफिक प्रहरी निरीक्षक राजकुमार कार्कीले जानकारी दिए । ठक्कर दिने चालक फरार छन् । फरार चालकको खोजी कार्य प्रहरीले तीव्र बनाएको छ ।

अनुसन्धानको लागि इलाका प्रहरी कार्यालय रानी विराट नगरका प्रहरी निरीक्षक महेन्द्र दर्लामीको नेतृत्वमा प्रहरी परिचालन भएको छ । मृतकको शव अहिले पोस मार्टको लागि विराट नगरस्थित कोशी अस्पतालमा राखेको छ ।

# श्रोत नखुलेको नौ लाख रकम सहित एक जना पक्राउ

विराटनगर, माघ २६ गते । स्रोत नखुलेको रकम सहित एक जनालाई जिल्ला प्रहरी कार्यालय मोरंगले पक्राउ गरको छ ।

बुधवार दिउँसो बिशेष सूचनाको आधारमा जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं.-१० स्थित सोमबारेमा जिल्ला प्रहरी कार्यालय मोरङ र सी आर भी पोष्ट घोघापुलबाट संयुक्त रुपमा खटिएको प्रहरी टोलीले सवारी साधन चेकजाँचको क्रममा स्रोत नखुलेको ९ लाख २० हजार नगद सहित पक्राउ गरेको थियो ।

मोटरसाईकल नम्बर बीआर ३८ एन ४९३० मा सवार जिल्ला मोरङ विराटनगर महानगर पालिका वडा नं. १५ बस्ने वर्ष ४२ को रंजित कुमार साहलाई पक्राउ गरी आवश्यक सोधपुछ तथा खानतलासी गर्दा सो रकम बरामद गरिएको थियो ।

नगद सहित एटिएम कार्ड २ थान र मोटरसाईकल समेत बरामद भएकोले आवश्यक कार्वाहीको लागि राजश्व अनुसान्धान कार्यालय इटहरी सुनसरीमा बुझाइएको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएका छ ।


## हार्दिक अनुरोध

- सार्वजनिक स्थळमा छाडा चौपाया नछाडौ ।
- बाळश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसळ व्यवसाय संचाळन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थळमा फोहर नफाळौ । गाउँळाई सफा राखौ ।
- महिळा हिंसा अन्त्यका ळाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुळाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

जहदा गाउँपालिकाको कार्यालय मझारे, मोरंग, प्रदेश १





यो धुम्रपानको आदत सजिलो तरीकाले कहाँ छुट छ,, पहिले सिग्रेट हामी फुक्छौ, फेरी सिग्रेट हामीलाई फुकि हाल्छ ।


# प्रदेश १ को न्यूनतम साझा कार्यक्रम सरकालाई हस्तान्तरण, के के छन् प्राथमिकता ?

विराटनगर । प्रदेश १ सरकारमा सहभागी चार दलको तर्फबाट निर्माण भएको न्यूनतम साझा कार्यक्रम निर्माण गर्न गठित कार्यदलले सरकारलाई बुझाएको छ ।

प्रदेश १ का मुख्यमन्त्री हिक्मत कार्कीका निजी सचिव सुवास श्रेष्ठले न्यूनतम साझा कार्यक्रम कार्यदलले सरकारलाई हस्तान्रतण गरिएको जानकारी दिएका हुन् ।

उनको अनुसार कार्यदलले १९ बुँदा रहेको प्राथमिकता र विभिन्न ११ शीर्षकमा कार्यक्रमहरु समावेश गरेर उक्त कार्यक्रम बुझाएको छ । मुख्यमन्त्री कार्कीले उक्त कार्यक्रमलाई अपनत्व लिँदै चाँडै कार्यान्वयनमा लैजाने प्रतिबद्धता व्यक्त गरेका छन् ।

कार्यक्रममा आगामी पाँच वर्षको प्रदेश १ को कूल ग्राहस्थ उत्पादन (जिडिपी) ७० प्रतिशत वृद्धि गर्ने लक्ष्य राखेको छ । प्रदेश १ को सरकारको न्यूनतम साझा कार्यक्रम निर्माणका लागि पूर्वमन्त्री तथा माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोको संयोजकत्वमा नेकपा एमालेका रामबहादुर राना मगर, रेवती रमण भण्डारी, राप्रपाका प्रेमराज थाम्सुहाङ र जनता समाजवादी पार्टीका नेता राजकुमार यादव रहेको कार्यदल निर्माण भएको थियो ।

साझा कार्यक्रममा दीर्घकालीन राष्ट्रिय लक्ष्य 'समृद्ध नेपाल सुखी नेपाली' तथा प्रदेश १ को वस्तुगत लक्ष्य 'स्वच्छ, सुखी, समुन्नत प्रदेश' प्राप्तिका लागि भन्दै १९ वटा मुख्य प्राथमिकता तोकिएको छ ।

जसमा प्रदेशसभाबाट प्रदेशको नामाकरण गर्ने, प्रदेश सरकार सम्वद्ध मन्त्रालय, आयोग, निर्देशनालय तथा कार्यालय हरूको आवश्यक प्रशासनिक संरचना (भौतिक संरचना) निर्माण गर्ने, संघीय सरकार मातहतका निकाय र संवैधानिक अधिकार प्रदेश मातहत ल्याउने उल्लेख छ । यस्तै प्रतिबद्धतामा ५ वर्षमा हालको कूल गार्हस्थ्य उत्पादन ७ खर्ब ६३ अर्बमा ७० प्रतिशत वृद्धि गरी १२ खर्ब २० अर्ब पुर्‍याउने लक्ष्य पनि लिइएको छ । यस्तै नयाँ प्रदेश गौरवको आयोजनाहरू प्रारम्भ गर्ने, प्रदेशको रैथाने कृषि उत्पादनलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय बजारमा पुर्‍याउने, सूचना तथा संचार क्षेत्रलाई व्यवस्थित गर्न संचार कानून निर्माण गर्ने लगायत उल्लेख छ । यस्तै साझा कार्यक्रममा पूँजीगत खर्च बढाउन आवश्यक उपाय खोज्ने । प्रदेशको स्रोत साधन तथा राजस्वको वृद्धि गर्न तथा सरकारी खर्चमा आत्मनिर्भरता कायम गर्न उच्चस्तरीय राजस्व अध्ययन समितिको निष्कर्ष लागू गर्ने लगायतका विषय उल्लेख रहेको छ ।

**प्राथमिकताहरू**

१. प्रदेशवासीको भावना र आकांक्षा अनुरुप प्रदेश सभाबाट यथाशीघ्र प्रदेशको नामाकरण गर्ने ।

२. प्रदेश सरकार सम्वद्ध मन्त्रालय, आयोग, निर्देशनालय तथा कार्यालयहरूको आवश्यक प्रशासनिक संरचना (भौतिक संरचना) निर्माण गर्ने ।

३. संविधानको सर्वोच्चता, कानुनी राज्य र सुशासनको प्रत्याभूति दिँदै प्रदेशमा हस्तान्तरण हुन बाँकी रहेका संघीय मन्त्रालय मातहतका निकाय र संवैधानिक अधिकार प्रदेश मातहत ल्याउनेरु।

४. आगामी ५ वर्षमा हालको कूल गार्हस्थ्य उत्पादन 'GDP' ७ खर्ब ६३ अर्बमा ७० प्रतिशत वृद्धि गरी १२ खर्ब २० अर्ब पुर्‍याउने । साथै मानव विकास सूचकांक (HDI) ०.६० बाट वृद्धि गरी ०.६५ पुर्‍याउने ।

५. प्रदेश सरकारको राजस्व वृद्धि, उपलब्ध स्रोतको उच्चतम उपयोग र मितव्ययिता कायमको लागि ठोस कदम अघि बढाउने ।

६. आर्थिक स्रोतमा टेवा पुर्‍याउनको निमित्त वैदेशिक अनुदान सहयोगको वृद्धि, उच्चतम उपयोगमा ध्यान दिने ।

७. प्रदेशको तीव्र आर्थिक विकासको लागि कृषि, उर्जा, पर्यटन, तथा पूर्वाधार-कनेक्टिभिटी आदि क्षेत्रमा प्रदेश गौरवको आयोजनाहरू प्रारम्भ गर्ने ।

८. अत्यावश्यक सार्वजनिक सेवा (नागरिकता, पासपोर्ट, लाइसेन्स, मालपोत)लाई उच्च प्राथमिकता राखी छिटो-छरितो र जनमुखी बनाउने । समयमै सरकारी सेवा उपलब्ध गराउन विद्युतीय सेवा र सुशासनलाई चुस्त दुरुस्त बनाउने ।

९. कृषिमा तुलनात्मक लाभको क्षेत्रमा लगानी आकर्षित गर्ने । जैविक कृषिलाई प्रोत्साहन गर्ने । प्रदेशको रैथाने कृषि उत्पादनलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय बजारमा पुर्‍याउन उल्लेखनीय कदम चाल्ने । घरेलु मदिरा उत्पादन, प्रवर्द्धन र बजारीकरणको कामलाई निरन्तरता दिने ।

१०. प्रदेशको नविन सम्भावनाहरूको खोजी गरी औद्योगिकीकरण र युवा उद्यमशीलताको लागि तत्काल कार्य प्रारम्भ गर्ने ।

११. संविधानमा व्यवस्था भए बमोजिम समाजवाद उन्मुख अर्थतन्त्रको आधार तय गर्नमा निमित्त क्रमशः शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको गुणात्मकता र पहुँचको विकास तथा विस्तार गर्ने । गुणस्तरीय र निःशुल्क शिक्षा र स्वास्थ्यको निमित्त दर्बिलो आधार तयार गर्ने ।

१२. राष्ट्रसेवकहरूको उच्च मनोवल र कर्तव्यनिस्ट नतिजाको निमित्त, क्षमता-कार्यदक्षता अभिवृद्धि, सशक्ती करण, 'पुरस्कार-दण्ड' नीति आदि मार्फत परिणाममुखी जनशक्तिको रूपमा विकास गर्ने ।

१३. शहीद तथा वेपत्ता परिवार र द्वन्द्वपीडित एवम् विस्थापितलाई राहत, पुनःर्स्थापन र सहायताको लागि तत्काल प्रभावकारी कदम चाल्ने । विभिन्न आन्दोलनमा घाइते भई उपचार नपाएका हरूको यथोचित उपचारको व्यवस्था गर्ने, अङ्गभङ्ग भएकालाई क्षतिपूर्ति र परिवारबाट कम्तीमा एक जना सदस्यलाई रोजगारीको व्यवस्था गर्ने ।

१४. वर्गीय, सामाजिक र भौगोलिक असमानताका अवयवहरूको पहिचान गरी असमानता न्यूनीकरण तथा निरूपण गर्ने ।

१५. कोभिड १९ को प्रकोपको कारण उत्पन्न विभिन्न आर्थिक-सामाजिक समस्याहरूको तदारुकताको साथ समाधान गर्ने ।

१६. स्थानीय सरकारसँगको समन्वय र सहकार्यमा सेवा प्रवाहको सुदृढीकरणका लागि उच्च प्राथमिकता दिने । संघ र स्थानीयतहसँगको अन्तर सम्बन्ध तथा साझेदारीमा पूर्वाधार विकासलाई अघि बढाउने ।

१७. सूचना तथा संचार क्षेत्रलाई व्यवस्थित गर्न संचार कानून निर्माण गर्ने । सूचना संचार र प्रेस स्वतन्त्रताको विकास तथा उन्नयनका लागि विभिन्न कार्यक्रम ल्याउने ।

१८. प्रदेश सरकारबाट सञ्चालित परियोजनाहरूको नियमित मूल्याङ्कन, अनुगमन गर्न उच्चस्तरीय संयन्त्रलाई परिचालन गरी नियमित रूपमा अर्धवार्षिक समीक्षा र सार्वजनिकीकरण गर्ने ।

१९. सरकार संचालनमा सबै दलहरूसँग नियमित संवाद र सहकार्यको साथ अघि बढ्ने ।

**क्षेत्रगत नीतिहरू:**

१. समष्टिगत आर्थिक क्षेत्र

क) तीन खम्बे अर्थ नीति ( सरकारी, सहकारी र निजी क्षेत्र)को समन्वयात्मक तथा क्रियाशिल भूमिकाको आधार मा उत्पादन तथा विकास निर्माणलगायत समग्र आर्थिक कार्यक्रम सञ्चालन गर्ने ।

ख) मितव्ययी रूपमा सरकार सञ्चालन गर्ने, पूँजीगत खर्च बढाउन आवश्यक उपाय खोज्ने । प्रदेशको स्रोत साधन तथा राजस्वको वृद्धि गर्न तथा सरकारी खर्चमा आत्मनिर्भरता कायम गर्न उच्चस्तरीय राजस्व अध्ययन समितिको निष्कर्ष लागू गर्ने ।

ग) प्रदेश सरकारको योजना छनौट तथा कार्यान्वयनमा देखा परेका सवालहरूलाई प्रदेश सरकारद्धारा स्विकृत 'प्रदेश योजना तर्जुमा निर्देशिका' को आधारमा स्थानीय तहसँग समन्वय गरी दीर्घकालिन रुपमा समाधान गर्ने ।

घ) सरकारका स्रोत र साधनको उच्चतम उपयोगको लागि प्रदेश योजना आयोगबाट तयार परियोजना बैंकको प्राथमिकता तथा मापदण्डका आधारमा मात्र वार्षिक बजेट विनियोजन गर्ने ।

ङ) समष्टिगत आर्थिक विकासको निमित्त तुलनात्मक लाभका क्षेत्रहरू पहिचान गरी प्रदेशलाई लगानीमैत्री बनाउने । अनुदानमुखीभन्दा सक्षम तथा प्रतिस्पर्धात्मक उद्यमको प्रोत्साहन को लागि सहयोग गर्ने ।

च) प्रदेशको साना तथा मध्यम उद्यमशिलता ९कःभ्क० विकासको निमित्त आन्तरिक स्रोतको साथै अन्तरास्ट्रिय विकास साझेदारहरूको सहयोग र सहकारितालाई प्रदेशको अर्थोन्नतिको रूपमा भरपुर उपयोग गर्ने ।

छ) प्रदेशभित्र आन्तरिक तथा बाह्य लगानी भित्र्याउनको लागि प्रदेश लगानी सम्मेलन आयोजन गर्ने।

२.**कृषि**

'समृद्ध किसान प्रदेश १ को सान, आत्मनिर्भर कृषि हाम्रो अभियान'

क) कृषिलाई प्रदेशको अर्थतन्त्रको मेरुदण्डको रूपमा विकास गर्ने । प्रदेशको १४ वटै जिल्लालाई विषेश उत्पादन क्षेत्रमा वर्गीकरण गरेर कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषि पेशालाई दिगो र मर्यादित बनाउने ।

ख) निर्वाहमुखी कृषिलाई आधुनिकीकरण, यान्त्रीकरण र व्यावसायीकरण गर्ने। वैज्ञानिक भू-उपयोग नीति प्रभावकारी रूपमा लागू गर्ने ।

ग) मल र बीउको आपूर्ति सुनिश्चित गर्ने र कृषि उत्पादनको जीवन चक्रमा पर्ने जोखिम न्यूनीकरण गर्ने ।

घ) कृषि उपजको बजार मूल्य तोकी विचौलिया निरुत्साहित गर्दै बजारीकरणको सुनिश्चितता गर्ने । कृषि भूमिको बढ्दो अतिक्रम रोक्ने ।

ङ) जैविक कृषिलाई उच्च प्राथमिकता दिँदै दैनिक उपभोग्य उपजमा आत्मनिर्भर हुने । जैविक खेतीलाई प्रवर्द्धन गर्न क्रमशः रासायनिक मल, पेस्टिसाइडलाई न्यूनीकरण गर्ने । कृषि बिमाको व्यवस्था गरी जोखिम न्यूनीकरण गर्ने ।

च) नदी पथान्तरण (डाइभर्सन) तथा भूमिगत र लिफ्ट सिँचाइको माध्यमबाट सिँचाइ सुविधा पुग्न नसकेका खेतीयोग्य भूमिमा दिगो सिँचाइ सुविधा पुर्‍याउने । नदी कटान क्षेत्रलाई तटबन्ध गरी नदी उकास भू-भागलाई व्यवस्थित रूपमा प्रयोगमा ल्याउन योजना बनाउने ।

छ) रासायनिक मल सहज उपलब्ध हुने व्यवस्था मिलाउने । प्राङ्गारिक मल उत्पादन र प्रयोगलाई प्रोत्साहन गर्न विद्युत लागतमा छुट दिने । माटो परीक्षण तथा सुधार कार्यक्रम लागू गर्ने ।

ज) कृषि सहकारी, कृषि समूह र निजी क्षेत्रमार्फत 'एक गाउँ, एक उत्पादन'को नीति लागू गर्ने र सरकारीलाई अनुदान उपलब्ध गराउने व्यवस्था मिलाउनेरु।

३. उर्जा

'उर्जामा लगानी, समृद्धिको खानी'

क) जल तथा प्राकृतिक स्रोतको दिगो उपयोग हुने गरी ऊर्जा विकासलाई अर्थतन्त्र निर्माणको मुख्य आधार बनाउँदै आन्तरिक लगानी, व्यापक जनसहभागीता तथा स्वामित्व रहने गरी मझौला जलविद्युत आयोजना निर्माण गर्ने । विद्युत उत्पादन र वितरण प्रणालीबीच तादात्म्यता कायम गर्ने गरी पूर्वाधार विकास गर्ने ।

ख) सहकारी तथा निजी उद्यमीहरूले संचालन गर्न सक्ने साना तथा लघु जलविद्युत आयोजनालाई स्थानीय तहमार्फत सामुदायिक जलविद्युत आयोजनाको रूपमा संचालन गर्ने ।

ग) आगामी ५ वर्ष प्रदेशभित्रको विद्युत् उत्पादनमा अधिकतम साधन स्रोत केन्द्रित गरी समृद्धिको विशेष आधारको रूपमा विकास गर्ने । सबै परिवारलाई गार्हस्थ्य उपभोगको निम्ति वर्षामा ५० र हिउँदमा ३० युनिट विद्युत निःशुल्क उपलब्ध गर्ने ।

घ) विद्युतमा पहुँच प्राप्त परिवार शतप्रतिशत पुर्‍याउने । विद्युत खपत वृद्धिमा जोड दिनको साथै गरिब तथा अति विपन्नका लागि विद्युत महसुल घटाउने र पहुँच बढाउने ।

ङ) जीवास्म इन्धन ९ँयककर्ष ँगभकि०को प्रयोगलाई निरुत्साह गर्दै नवीकरणीय ऊर्जा (Clean Energy) को प्रयोगलाई प्राथमिकता दिने ।

४. पर्यटन

'पर्यटन र संस्कृति, प्रदेशको समुन्नति'

वांकी ५ पेजमा...

# झापा, मोरंग र सुनसरीबाट लागुऔषध सहित दश पक्राउ

विराटनगर। मोरङ, सुनसरी र झापाको छुट्टा छुट्टै स्थानबाट प्रतिबन्धित लागुऔषध सहित १० जनालाई प्रहरीले पक्राउ गरेको छ।

घटना विवरण अनुसार बिशेष सुचनाको आधारमा बिहीवार मोरङको इलाका प्रहरी कार्यालय केराबारीबाट खटिएको प्रहरी टोलीले केराबारी गाउँपालिका-१० का १९ बर्षीय गोरे भन्ने विनय मगरको कोठा खानतलासी गर्दा टिनको बाकसमा लुकाई राखेको फेनारगन, डाईजेप्याम, ब्रुफिन सहित ११ एम्पुल बरामद गरेको थियो।

त्यसैगरी इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले धरान-१५ का २६ बर्षीय लक्ि गुरुङ, ३२ बर्षीय कुस बहादुर भुजेल, धरान २ का काम्मराज लिम्बु र धरान ४ का ३० बर्षीय सन्जु बि.क.लाई ७३ एम्पुल लुपिजेसिक, एभिल, फेनारगन र डाइजेपाम सहित पक्राउ गरेको थियो।

त्यसैगरी झापा र मोरङको छुट्टा छुट्टै दुई स्थानबाट प्रतिबन्धित लागुऔषध ब्राउन सुगर र औषधी सहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ।

बुधवार झापाको कन्काई नगरपालिका-९ घैलाड्ब्बा स्थितमा इलाका प्रहरी कार्यालय घैलाड्ब्बाबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा अर्जुनधारा नगरपालिका-५ का २६ बर्षीय रोजन मोहोरा र २४ बर्षीय पवन चौधरीको साथबाट प्रतिबन्धित लागुऔषध ब्राउन सुगर १ ग्राम बरामद भए संगै नियन्त्रणमा लिएको थियो।

सोहि दिन बिराटनगर महानगरपालिका-१५ स्थितमा लागुऔषध नियन्त्रण ब्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा भारतबाट नेपाल तर्फ आउदै गरेका अग्नीसाईर कृष्णासबरण-३ सप्तरीका २० बर्षीय पारस चौधारीको साथबाट ऐभिल, डाइजापाम, फेनारागन र लुपिजेसिक सहित ६४ एम्पुल लागुऔषध बरामद गरेको थियो।

मोरङ र सुनसरीको छुट्टा छुट्टै दुई स्थानबाट प्रतिबन्धित लागुऔषध ब्राउन सुगर र औषधी सहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ।

विशेष सुचनाको आधारमा सोमवार १ नम्बर प्रदेश प्रहरी कार्यलय बिराटनगर र ईलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा धरान-८ का ३२ बर्षीय अर्जुन बिश्वकर्माको साथबाट ब्राउन सुगर १ ग्राम र डिजिटल तराजु १ थान सहित पक्राउ गरेको थियो।

वडा प्रहरी कार्यलय बिराटनगरबाट खटिएको प्रहरी टोलीले बिराटनगर-९ स्थितबाट धरान-१६ का उस्व राईको साथबाट प्रतिबन्धित औषधी लुपिजेसिक, फेनारगन, एभिल र डाईजेपाम सहित २३ एम्पुल बरामद गरेको थियो। प्रतिबन्धित लागुऔषध सहित पक्राउ परेको थियो।

पक्राउ परेका उनिहरुको सम्बन्धित प्रहरी कार्यलयहरुबाट थप अनुसन्धान भईरहेको छ।

# एयरगन सहित चार पक्राउ

झापा। झापाको मेचीनगर नगरपालिका-६ स्थितबाट हतियार (एयर गन) सहित चार जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा भारत वेस्ट बंगाल सिलिगुडी प्रधाननगरका २० बर्षीय ओम साह, २५ बर्षीय सिद्धार्थ मगर, २० बर्षीय मोहम्मद सुल्तान सुसेन र २० बर्षीय बिटु सरकार रहेका छन। इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले सोमवार चेकजाँचको क्रममा संकास्पद अवस्थामा भारतबाट नेपाल तर्फ आउदै गरेका उनिहरुको साथबाट एयर गन २ थान, एयर पेस्तोल १ थान र एयर गनमा प्रयोग हुने छर्रा गोली १७० पिस बरामद गरेको थियो।

उक्त हतियार र गोली सहित पक्राउ परेका चारै जनाको इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट थप अनुसन्धान भईरहेको छ।

# प्रचण्ड विश्वभरकै कम्युनिष्टका लागि प्रेरणा



विराटनगर। माघ १८ गते देखि २२ गतेसम्म विभिन्न देशका कम्युनिष्ट, क्रान्तिकारी, वामपन्थी र समाजवादी पार्टीका प्रतिनिधिहरूको नेपालमा भएको अन्तर्राष्ट्रिय जनसभापछि उनीहरूले प्रधान मन्त्रीसँग भेट गरेका थिए।

ती पार्टीका प्रतिनिधिहरूको लागि बालुवाटारमा आयोजना गरिएको रात्रि भोजकै अवसरमा पार्टीका प्रतिनिधिहरूले प्रचण्डलाई विश्वकै सच्चा कम्युनिष्टको रुपमा प्रंशसा गरेको सहभागी एक नेताले बताए। उनले देश निर्माणका लागि प्रचण्डले देखाएको हिम्मत र इमानदारिता विश्वभरकै कम्युनिष्टका लागि प्रेरणाको रुपमा स्थापित भएको पार्टीका प्रतिनिधिहरूले बताए।

प्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपालका सच्चा कम्युनिष्टहरू फेरि ध्रुवीकरण र एकताको प्रक्रियामा आउने बताएका छन्। आइतबार बेलुका विभिन्न देशका कम्युनिष्ट, वामपन्थी तथा समाजवादी पार्टीका प्रतिनिधिहरुसँगको भेटमा प्रधानमन्त्रीले सो कुरा बताएका हुन्।

भेटमा प्रधानमन्त्री दाहालले नेपालको कम्युनिष्ट आन्दोलन उतारचढावका बीच अगाडि बढेको बताउँदै सच्चा कम्युनिष्ट हरूको एकताका निम्ति आफूले पहल गरिरहेको बताए । उनले आफू राजनितीको सुरुवातसंगै कट्टर कम्युनिष्ट भएको बताए। उनले देश बनाउने प्रमुख शक्तिको रुपमा कम्युनिष्ट साबित हुन सक्ने दाबी समेत गरेका थिए।

उनले नेपाल लगायत विश्वका अन्य कम्युनिष्टद्वारा चलाइएको देश विकासमा सबैभन्दा अगाडि बढेको स्मरण गराउँदै कम्युनिष्ट दलले नै जनताको चाहना अनुरुप काम गर्न सक्ने उदाहरण प्रस्तुत गरेका थिए।

देश बनाउनका लागि आफ्नो ज्यानै फालेर लागेकोमा सबैले आश्चर्य प्रकट गरेको बालुवाटार श्रोतले जनाएको छ। कार्यक्रममा उपस्थित पार्टीका प्रतिनिधिहरूले प्रचण्ड विश्वभरका कम्युनिष्टका लागि 'आइडल' बनेको बताएका थिए। उनीहरुले कम्युनिष्ट नेताहरुले प्रचण्डलाई ग्लोबल हिरोको रुपमा मान्यता दिइएको जिकिर गरेका थिए।

भेटघाटका क्रममा प्रधान मन्त्री दाहालले नेपालको क्रान्ति र शान्ति प्रक्रिया विश्वकै लागि नयाँ र मौलिक भएकामा जोड दिँदै जनताका प्रतिनिधिहरूले निर्माण गरेको नयाँ संविधानले क्रान्तिका महत्वपूर्ण कार्यभारहरू सम्बोधन गरेको बताए। नेपालमा भएको क्रान्ति, शान्ति प्रक्रियाको विश्वव्यापी महत्व रहेकामा जोड दिँदै उनले आफ्नो नेतृत्वको सरकार जनताका अपेक्षा सम्बोधन गर्न प्रयत्नशील रहेको जानकारी समेत दिएका थिए।

प्रधानमन्त्री दाहालले आफूहरूकै पहलमा नेपालका कम्युनिष्टहरूको एउटै केन्द्र बनेको स्मरण गर्दै कम्युनिष्ट आन्दोलनलाई एकीकृत गर्न, समाजवादको आधार तयार पार्न र जनअपेक्षा सम्बोधन गर्न निरन्तर प्रयत्न हुने प्रतिबद्धता व्यक्त गरे। उनले नेपालको रूपान्तरणकारी आन्दोलनको नेतृत्व गर्ने ऐतिहासिक अवसर पाएको र सो कुरा विश्वभरिकै परिवर्तनका पक्षधर शक्तिहरूका निम्ति प्रेरणा हुनेसमेत उल्लेख गरेका थिए।

भेटमा क्युबा, भेनेजुएला, ब्राजिल, चीन, घाना, दक्षिण अफ्रिका, मोरक्को, बङ्गलादेश, इटाली, स्पेनलगायत देशका कम्युनिष्ट एवं वामपन्थी पार्टीका प्रतिनिधिहरू उपस्थित थिए।

# गोठगाउँमा मेडिकल कलेज चलाउन बाटो खुल्यो



विराटनगर। लामो समयको पहलपछि अन्ततः मोरङको गोठगाउँस्थित पूर्वाञ्चल विश्वविद्यालयमा मेडिकल कलेज सञ्चालनका लागि बाटो खुलेको छ। मन्त्रिपरिषद् बैठकले मेडिकल कलेज सञ्चालनका लागि कोसी अस्पतालमा प्रयोगात्मक अभ्यास गर्न दिने निर्णय गरेपछि गोठगाउँमा मेडिकल कलेज सञ्चालन गर्न बाटो खुलेको हो।

गोठगाउँमा मेडिकल कलेज सञ्चालनका लागि प्रतिनिधि सभा सदस्य द्वय डा.शेखर कोइराला, डा.सुनिल शर्मा र प्रदेश मन्त्री जीवन आचार्यले निरन्तर पहल गरिरहेका छन्। मोरङको क्षेत्र नं. ३ बाट निर्वाचित सांसद शर्माले चुनावी एजेण्डाकै रुपमा यसलाई अघि सारेका थिए। सेवा विस्तार गर्दै मेडिकल कलेज सञ्चालन गर्ने डा.शर्माको योजना अनरुप गत माघ ४ गते अस्पतालको सेवा विस्तार उद्घाटन गरेर दैनिक ८ घण्टा अस्पताल सेवा सञ्चालन भइरहेको छ। त्यसअघि गत मंसिर २८ गते डा.शर्माको पहलमा काठमाडौंमा बसेको सर्वपक्षीय बैठकमा मेडिकल कलेज सञ्चालनका लागि सबै सरोकारवालाहरु एकमत भएका थिए। सांसदहरुसहित विश्व विद्यालय, मेडिकल काउन्सिल, चिकित्सा शिक्षा आयोग लगायतका पदाधिकारी सहभागि बैठकले कलेज सञ्चालनका लागि निर्णयार्थ मन्त्रिपरिषदमा प्रस्ताव लैजाने निर्णय गरेको थियो।

सांसद डा. शर्माले माघ १० गते प्रधानमन्त्री पुष्पकमल दाहाललाई भेटेर अनुरोध गरेपछि प्रधानमन्त्रीले मुख्य सचिवलाई फोन गरेर फायल अगाडि बढाउन निर्देशन दिएका थिए। प्रधानमन्त्रीको निर्देशनपछि फायल अघि बढेपनि स्वास्थ्यमन्त्री कहाँ पुगेर रोकिएको थियो। गत २२ गते पुनः डा. शर्माले प्रधानमन्त्री लाई उक्त विषय जानकारी गराए पछि प्रधानमन्त्रीले स्वास्थ्य मन्त्रीलाई फोन गर्दै निर्देशन दिए। डा. शर्माले स्वास्थ्यमन्त्रीलाई भेट गर्दै मेडिकल कलेजको फाइल अगाडी बढाउन अनुरोध गरेपछि सोहीदिन फायल अगाडी बढेर मन्त्रिपरिषद्मा पुगेको थियो।

मन्त्रिपरिषद्को स्वीकृतिपछि विश्वविद्यालयले कलेज सञ्चालनका लागि फ्याकल्टी नियुक्तिसहित पूर्वाधार निर्माणको योजना अघि बढाउने तयारी थालेको छ। तत्कालका लागि कोसी अस्पताललाई प्रयोगात्मक अभ्यासमा लिइने तथा क्रमिक रुपमा पूर्वाधारहरु निर्माण गर्ने लक्ष्य लिइएको छ। मेडिकल कलेज सञ्चालनका लागि तीन सय वेडको अस्पताल चाहिने चिकित्सा शिक्षा ऐनले व्यवस्था गरेकाले तत्कालका लागि कोसी अस्पतालसँग सहकार्य गरिएको हो। मन्त्रीपरिषद्को स्वीकृतिसँगै अब आगामी शैक्षिक सत्रदेखि मेडिकल कलेज सञ्चालन हुने भएपछि सो क्षेत्रबासी हर्षित भएका छन्।




पानीको सही सदुपयोग गरौं। पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक
विराटनगर



## नेपाली...

क) संघीय तथा प्रदेश सरकारबाट सूचीकृत प्रदेश १ प्रमुख पर्यटकीय गन्तव्यहरू र अन्य विशेष महत्वका क्षेत्रमा पर्यटन विकासमा तत्काल पहल गर्ने । वार्षिक ५ लाख पर्यटक र औसत बसाई अवधि वृद्धि गरी १५ दिन पुऱ्याउन विशेष रणनीति अवलम्बन गर्ने ।

ख) प्रदेशलाई आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकसित गर्न पर्यटन पूर्वाधार निर्माणमा जोड दिने । गुणस्तरीय तथा दिगो पर्यटन विकासका लागि भौगोलिक, सांस्कृतिक तथा जैविक विविधतालाई उपयोग गर्ने ।

ग) प्रदेशको प्रथम आवधिक योजनाले निर्दिष्ट गरे बमोजिम प्रदेश १ को समग्र पदमार्गमा आधारित पर्यटन विकासको लागि स्थानीय सरकारहरू समेतको सहकार्यमा नयाँ कार्यक्रम सुरुवात गर्ने ।

घ) साहसिक पर्यटन (पर्वतारोहण, जिप-लाईन, प्याराग्लाइडिङ, जल-पर्यटन), सांस्कृतिक ,धार्मिक, आरोग्य गन्तव्य, पर्यापर्यटन आदि जस्ता पर्यटकीय आकर्षणको विकास गर्दै होमस्टे, गोठस्टेको प्रवर्द्धन गर्ने ।

ङ) प्रदेश पर्यटन बोर्डको गठन गरी प्रदेशको पर्यटन गुरुयोजना मार्फत विविध 'त्यगच र त्चबखभा क्षतष्लभचबचथ' तयार गरी समस्टिगत पर्यटन विकास गर्ने ।

५. शिक्षा

'प्रदेश निर्माणको आधार, गुणस्तरीय शिक्षा र शैक्षिक पूर्वाधार'

क) गुणस्तरीय, रोजगारमूलक, व्यावसायिक र प्राविधिक शिक्षामा जोड दिँदै संघीयताको मान्यता अनुरूप शिक्षालाई जनताको पहुँचमा राख्न, सामुदायिक शिक्षा प्रणालीलाई गुणस्तरीय तथा प्रभावकारी बनाउने ।

ख) प्रदेशको जनशक्ति प्रक्षेपणको आधारमा मानव कल्याण तथा नैतिकवान नागरिक तयारीका लागि आवश्यक शिक्षा विकास गर्ने ।

ग) विद्यालय तथा क्याम्पस अध्ययनबाट छुटेकाहरूको लागि पुनः अध्ययन प्रोत्साहन कार्यक्रम संचालन गर्ने ।

घ) निजी विद्यालयहरूमा अभिभावकलाई चर्को आर्थिक भार पर्न नदिने नीति अवलम्बन गर्ने । संविधान बमोजिम मातृभाषा शिक्षाका लागि आवश्यक जनशक्ति तथा पूर्वाधारको व्यवस्था गर्ने ।

ङ) आधुनिक प्रविधिसँग प्रदेश विकास प्रक्रियालाई आबद्ध गर्ने । विद्यालयदेखि विश्वविद्यालयसम्म विज्ञान र प्रविधिको अध्ययन, अनुसन्धान र शिक्षालाई उच्च प्रथमिकता दिई ७० प्रतिशत प्राविधिक जनशक्ति तयार गर्ने ।

च) सामाजिक रूपान्तरणका लागि आधुनिक विज्ञान-प्रविधि, बायोटेक-इन्फोटेक, तथ्य-तथ्याङ्क विज्ञान, अल्गोरिदम आदिको उपयोगको आधार तय गर्ने ।

छ) प्रदेशलाई चाहिने आवश्यक जनशक्तिको प्रक्षेपण गरि सोही अनुसारको जनशक्ति उत्पादन गर्न प्राविधिक शिक्षालय स्थापना गर्नेरु।

६. स्वास्थ्य

'स्वास्थ्यमा उच्च सुधार, समाजवादको आधार'

क) दुर्गम क्षेत्रमा परिचालित स्वास्थ्यकर्मीलाई विशेष सुविधा-आर्थिक प्याकेजको निरन्तरता तथा व्यवस्थापन गर्ने ।

ख) जटिल प्रकृतिको रोग ( क्यान्सर, ब्रेन ट्युमर, मुटु रोग, अल्जाइमर, मिर्गौला, स्पाइनल इन्जुरी आदि) निःशुल्क उपचार व्यवस्थापनको लागि आवश्यक कोषको व्यवस्थापन गर्ने ।

ग) जिल्ला अस्पतालहरूलाई न्यूनतम ५० शैयामा विस्तार गर्दै विशेषज्ञ डाक्टरसहितको दरबन्दी र उपकरणको व्यवस्था गरि उच्चस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नेरु स्थानीय तहमा निर्माणाधीन ५ देखि १५ शैययाका अस्पताल निर्माण चाँडो सम्पन्न गरी सेवा प्रवाह गर्ने ।

घ) आकस्मिक दुर्घटना, बाढी पहिरो, प्राकृतिक प्रकोप, असामान्य प्रसूती जस्ता विपदको समयमा हवाई सेवामार्फत उद्धार गरी उपचार सेवाको व्यवस्थापन गर्ने ।

ङ)उपचारात्मक (Curative) को साथै निरोधात्मक (Preventive) सामुदायिक स्वास्थ्य सेवाको सन्तुलित विकास गर्ने । आयुर्वेदिक उपचार, गुणस्तरीय पिउने पानीको विस्तार तथा प्रयोग, जनस्वास्थ्य सचेतनता जस्ता अभियानलाई अघि बढाउने ।

च) जनताको स्वास्थ्यमा सरल र सहज पहुँच स्थापित गर्न प्रदेशसभा मातहतका अस्पताल तथा स्वास्थ्य संस्थाहरूको पूर्वाधार प्रविधि र सेवामा गुणात्मक सुधार गरि बहु-विशेषज्ञ सेवा उपलब्ध गराउने । आधारभूत स्वास्थ्य केन्द्र, ग्रामीण स्वास्थ्य शिविर सेवा र अस्पतालहरूलाई विस्तार र सुदृढीकरण गरी जनताको घरदैलोमा पुऱ्याउने ।

छ) स्वास्थ्य बिमाको पहुँचलाई विस्तार गर्दै अति विपन्न परिवारलाई स्वास्थ्य बिमाको पहुँचमा ल्याउने । प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्धता सुनिश्चित गर्ने ।

७. गरिबी, समानता र रोजगारी

'सबैलाई सम्मानजनक रोजगारी र सामाजिक सुरक्षा, सामाजिक न्याय हाम्रो प्रतिबद्धता'

क) कृषि मजदुर, मुक्तकमैया, हलिया र भूमिहीन किसानको आर्थिक, सामाजिक उत्थान र बसोबासको व्यवस्था गर्ने । भूमिहीन नागरिकहरूलाई भूमि उपलब्ध गराउन पहल गर्ने ।

ख) विपन्नता परिचय पत्र लागू गरी प्रदेशको सामाजिक सुरक्षामा विशेष प्याकेज कार्यक्रम ल्याउने । सीमान्तकृत तथा अति विपन्न परिवारलाई अनिवार्य निःशुल्क आवासको व्यवस्था गर्ने ।

ग) श्रमिकलगायत गरिबी, वञ्चितीकरण र जोखिमयुक्त जीवनयापन गरिरहेका तथा आफ्नो हेरचाह आफैं गर्न नसक्ने व्यक्तिहरूलाई सामाजिक सुरक्षा प्रदान गर्ने । सामाजिक सुरक्षा प्रणालीलाई व्यवस्थित गर्न एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचनामा आबद्ध गर्ने ।

घ) लोक कल्याणकारी राज्यको मान्यता अनुरूप समाजका जेष्ठ नागरिक, असहाय, अशक्त, अपाङ्गता भएका व्यक्ति, एकल महिला तथा विपन्न व्यक्तिहरूको साथै दलित, उत्पीडित, पिछडिए को वर्ग, अल्पसंख्यक, अति-सीमान्तकृत तथा लोपोन्मुख समुदायलाई दिइएको सामाजिक सुरक्षाको दायरालाई वस्तुगत र व्यवहारिक रूपमा विस्तार गर्ने । अपाङ्गता भएका व्यक्तिलाई रोजगारीमा आबद्ध गर्ने प्रणालीको विकास गर्ने ।

ङ) प्रदेश प्रज्ञा प्रतिष्ठान गठन गरी सबै समुदायको भाषा, लिपि, संस्कृति, कला-साहित्य, सभ्यता र सम्पदाको संरक्षण र संवर्द्धन गर्ने । सांस्कृतिक पर्यटनको विकास गर्दै प्रदेशको विविध सांस्कृतिक सम्पदागत विशिष्ट घरेलु उत्पादनलाई समृद्धिको सहायकको रूपमा विकास गर्ने ।

च) जातीय छुवाछुतमुक्त राष्ट्र घोषित गरिसकेको सन्दर्भमा जातपातजन्य विभेद अन्त्यका लागि प्रभावकारी कदम चाल्नको साथै भाषा, धर्म र संस्कृतिको आधारमा गरिने सबै प्रकारका भेदभावको अन्त्य गर्ने ।

छ) पितृसत्तात्मक परम्परागत मान्यता र व्यवहारको अन्त्य गरी लैङ्गिक समतामूलक समाज निर्माण गर्ने । महिला विरुद्धका सबै विभेदहरूलाई समाप्त गर्दै बलात्कार, घरेलु हिंसा, एसिड आक्रमण र बेच-बिखन जस्ता अपराध गर्नेलाई कडा कारबाही गर्ने र यौनिक तथा लैङ्गिक अल्पसंख्यकको अधिकार सुनिश्चित गर्ने ।

ज) सहर र गाउँबीचमा भएको विकासको भौगोलिक असन्तुलन, विभिन्न समुदायबीच रहेको सामाजिक तथा आर्थिक विकासको असन्तुलनलाई क्रमशः कम गर्ने गरी विकास निर्माण तथा सुशासन कायम गर्ने ।

झ) प्रदेशको समृद्धिको सम्वाहकको रूपमा युवा जनशक्तिलाई आबद्ध गर्ने । 'युवाको अधिकार शिक्षा र रोजगार'को अवधारणालाई व्यावहारिक रूप दिने ऊर्जाशील युवा जनशक्तिलाई विदेश पलायन हुनबाट रोक्न विशेष कार्यक्रम ल्याउने ।

ञ) युवा लक्षित खेलकुदलाई व्यवसायीक रूपमा विकास गर्ने र प्रदेशस्तरको खेलकुद पूर्वाधार निर्माण तथा खेलकुद पर्यटनको विकास गर्ने । प्रदेशबाट प्रतिनिधित्व गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय सफलता प्राप्त गर्न सफल खेलाडीलाई पुरस्कार-प्रोत्साहनको व्यवस्था गर्ने ।

ट) प्रदेशमा उत्पादनका क्रियाकलाप वृद्धि गरी रोजगारी प्रदान गर्ने । वैदेशिक रोजगारीबाट सीप र पूँजिसहित फर्केका नागरिकलाई प्रदेशभित्र उत्पादन तथा रोजगारमूलक व्यवसाय गर्न प्रोत्साहन गर्ने ।

ठ) मजदुर, किसान, बौद्धिक पेशाकर्मीलगायतका श्रमजीवी वर्गको श्रमको सम्मानका साथै रोजगारका लागि ठोस कदम चाल्ने । शैक्षिक बेरोजगारलाई उद्यमशीलतामा आवद्ध गर्न विशेष कार्यक्रम ल्याउने ।

ड) सहकारी क्षेत्रलाई गरिबी उन्मूलन र रोजगार प्रवर्द्धनको क्षेत्रको रूपमा प्रदेशले प्राथमिकता दिने । गरिबीको रेखामुनि रहेका जनताको तथ्याङ्क सङ्कलन गरी खाद्य, शिक्षा, स्वास्थ्य, आवास, सीप विकास र रोजगारीको कार्यक्रम बनाउने ।

ढ) योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको दायरा विस्तार गरी कार्यान्वयन प्रभावकारिता बढाउने ।

८. यातायात तथा पूर्वाधार

'दिगो पूर्वाधार, विकासको आधार'

क) स्थानीय तहका वडा केन्द्रलाई पालिका केन्द्रसँग र पालिका केन्द्रलाई प्रदेश राजधानीसँग जोड्ने सडक निर्माण कार्य सम्पन्न गरिने छ । प्रदेशभित्रका पूर्व-पश्चिम राजमार्ग, रणनीतिक महत्वका सबै राजमार्ग, उत्तर-दक्षिण करिडोरलागायतका सबै सडक आगामि ५ वर्षमा सम्पन्न गरी हाल उपलब्ध १३,१२९ कि.मि. प्रदेशर स्थानीय सडक संजाल ( ८४६ कालोपत्रे, २५८८ ग्राभेल र ९६९५ धुले) वृद्धि गरी २०,००० कि.मि. पुऱ्याइनेछ ।

ख) प्रदेश सरकारमा प्राथमिकता प्राप्त निर्माणाधिन आयोजनाहरू (सडक, पुल, सिँचाइ, खानेपानी, भवन सहरी विकास, पर्यटन पूर्वाधारलगायतका बहुवर्षे) लाई समय अवधि भित्रै सम्पन्न गर्ने दिगो गुणस्तरीय एवम् प्रभावकारी सडक संजाल र व्यवस्थित सहरीकरणको निम्ति प्रादेशिक गुरुयोजना ९:बकतभच उबिल० तर्जुमा गरि कार्यान्वयनमा लैजाने ।

ग) यातायात क्षेत्रको एकीकृत विकासका लागि स्थल, हवाई, साना जलयातायात र केवलकार आदि सेवाको एकीकृत गुरुयोजना तयार गरी सार्वजनिक यातायात सेवालाई सुदृढ र व्यवस्थित गर्ने ।

घ) हुलाकीलगायतका पूर्व-पश्चिजम सडकहरू र उत्तर-दक्षिण कोरिडोर तथा व्यापारिक मार्गहरू प्राथमिकताका साथ निर्माण गर्ने । आर्थिक तथा औद्योगिक करिडोरको निर्माण तथा विकासमा जोड दिने ।

ङ) सडक, विजुली, पानी, ढललगायतका विकास निर्माणका कार्य एकीकृत र समन्वयात्मक ढङ्गले सम्पन्न गर्ने गरी सरोकारवाला निकायहरूलाई परिचालन गर्ने ।

च) पानीको मुहान, बोरिङ, डिपबोरिङ, लिफ्टिङलगायत उच्च प्रविधिको उपयोग गरि सबै नागरिकलाई स्वच्छ पिउने पानीको व्यवस्थाको लागि '१ घर १ धारा'को नीति अनुसार खानेपानी उपलब्ध गराइनेछ ।

छ) प्राकृतिक प्रकोपबाट असुरक्षित र छरिएर रहेका ग्रामीण बस्तीहरूलाई एकीकृत बस्तीको अवधारणा अनुरूप सुरक्षित र सुविधा सम्पन्न स्थानमा स्थानान्तरण गर्न पहल गर्ने ।

ज) प्रदेशभित्रका यातायात प्रणालीको एकीकृत विकास, विस्तारको लागि 'प्रदेश यातायात प्राधिकरण' मार्फत काम अघि बढाउने ।

झ) प्रदेशमा उपलब्ध सडक संजाल, भौगर्भिक सुरक्षा, आर्थिक सम्भाव्यता आदिको आधारमा विशेष गरी पहाडी क्षेत्रमा नयाँ सहरको विकासलाई अघि बढाउने ।

९. उद्योग

'औद्योगीकरण मार्फत रोजगारी, स्वच्छ, सुखी र समृद्धि'

क) अर्थतन्त्रमा उत्पादनमूलक उद्योगको योगदान बढाउन औद्योगीकरणलाई उच्च प्राथमिकता दिने । आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमूलक उद्योगको विकासमा जोड दिने ।

ख) कृषि, प्रकृति र प्रविधिमा आधारित उद्योगको तीव्र विकास गरी उत्पादन र निर्यात वृद्धिमा जोड दिने । प्रदेशका रूग्ण अवस्थामा रहेका उद्योगको सबलीकरण गरी संचालनमा ल्याउने ।

ग) आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन गरी प्रदेशको अर्थतन्त्रमा योगदान पुऱ्याउन प्रदेशको विशिष्टतामा सम्भावित वस्तु तथा सेवा र बजारीकरणका निमित्त आवश्यक अध्ययन गरी निष्कर्ष लागू गर्ने ।

घ) विशेष औद्योगिक क्षेत्र ९क्भ्श०को काममा प्राथमिकता दिने । लघु तथा घरेलु एवं मझौला उद्योगहरूको वित्तीय पहुँच, दर्ता तथा कर प्रणाली सहज बनाउँदै बजार पहुँच बढाउने ।

ङ) प्रादेशिक उत्पादन प्रवर्द्धनको निमित्त प्रदेशमा उत्पादित लत्ता-कपडा, जुत्ता आदिको ड्रेसकोड कार्यविधि तयार गरी प्रदेश १ मातहतका सम्पूर्ण सरकारी निकायमा लागू गर्ने ।

च) सफ्टवेयर, कृतिम बौद्धिकता, कम्प्युटर हार्डवेयर, तथ्याङ्क विज्ञान, विशिष्ट ज्ञान सम्बद्ध उद्योगको विकास गर्न उद्यमशील युवा तथा लागानीमैत्री वातावरण निर्माण गर्ने ।

छ) पुरानो प्रविधिबाट निर्मित रैथाने घरेलु कपडालगायत उद्योगको स्तरोन्नति तथा आधुनिकीकरणको निमित्त विशेष पहल गर्ने ।

ज) प्रदेश १ मा उत्पादित वस्तु तथा सेवाको प्रतिस्पर्धात्मक उत्पादन, प्रयोग र बजार विस्तारको निमित्त तत्काल काम सुरु गर्ने ।

१०. लोकतन्त्र र शुसाशन

क) संविधान प्रदत्त मौलिक हक, सामाजिक न्यायको हकको सुनिश्चिततालगायत समानुपातिक समावेशी सिद्धान्तलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।

ख) संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न आवश्यक थप कानुन निर्माण गर्न पहल गर्ने ।

ग) अन्तरसरकार समन्वय सुदृढीकरणको लागि प्रदेश समन्वय परिषदलाई क्रियाशिल बनाई स्थानीय तहहरूसँगको नियमित संवाद र छलफलको लागि संयन्त्र स्थापित गर्ने । संघ तथा स्थानीय निकायबाट तर्जुमा हुनु पर्ने आवश्यक कानुनको निमित्त समन्वय तथा पैरवी गर्ने ।

घ) प्रदेश निजामती ऐनको पूर्णता तथा स्थानीय सेवा ऐनको तर्जुमा गरी प्रदेश सरकारका सबै निकायमा स्थायी र दक्ष जनशक्तिको आपूर्तिमा विशेष जोड दिने, स्थानीय तहलाई आवश्यक जनशक्ति उपलब्ध गराउने ।

ङ) प्रदेश प्रहरी समायोजनको काम यथाशीघ्र सम्पन्न गर्ने ।

च) सुशासनयुक्त तथा भ्रष्टचारमुक्त शासकीय व्यवस्था निर्माणका लागि सार्वजनिक क्षेत्रमा ई-बिडिङलगायत अधिकतम सार्वजनिक सेवालाई अनलाइन मार्फत प्रवाह गरी सहज र पारदर्शी बनाउने ।

छ) सार्वजनिक सेवामा हुने भ्रष्टचार नियन्त्रणका लागि प्रदेशस्तरको अनुगमन तथा अनुसन्धान समिति बनाई तत्काल काम सुरु गर्ने ।

ज) दुर्गम क्षेत्रमा नुन, चिनी, चामल, औषधी, बीउ, मललगायत अत्यावश्यक वस्तुहरू अभाव हुन नदिने । बढ्दो महँगी, कालोबजारी, मिसावट तथा कृत्रिम अभाव नियन्त्रण गरी खाद्यान्न, पेट्रोलियम पदार्थलगायत जनताका अत्यावश्यक दैनिक उपभोग्य वस्तु तथा सेवाको सहज र सुलभ आपूर्तिको व्यवस्था गर्ने ।

झ) कानुनी राज्यको मान्यता अनुरूप सुशासनको प्रत्याभूति, सार्वजनिक प्रशासन र सुरक्षा निकाय लगायतका सबै राज्यसंयन्त्रलाई निष्पक्ष र जवाफदेही बनाउन ठोस कदम चाल्ने । समाजमा शान्ति सुव्यवस्था कायम गर्न अपराध र अराजकता नियन्त्रण गरी दण्डहीनता अन्त्य गर्ने ।

ञ) संघीय लोकतान्त्रिक गणतन्त्रको प्रावधान र कार्यक्षेत्र अनुरूप निजामती प्रशासन तथा सुरक्षानिकायहरूलाई सक्षम, निष्पक्ष, पारदर्शी र जन-उत्तरदायी बनाउन आवश्यक कदम चाल्ने ।

ट) प्रदेश लोकसेवालाई थप सुदृढ र प्रभावकारी बनाई समग्र प्रदेशको संगठन तथा व्यवस्थापन सर्भे ९ इ ७ :० गरी प्रदेशबाट सम्पादन हुने सेवालाई चुस्त, प्रभावकारी र जवाफदेही बनाउने ।

ठ) सामाजिक तथा सार्वजनिक क्षेत्रका जिम्मेवारीमा नियुक्ति तथा पदोन्नति गर्दा सरकारले क्षमता, योग्यता, अनुभव तथा कार्यसम्पादन मूल्याङ्कनको आधारमा पारदर्शी प्रणाली अवलम्बन गर्ने ।

ड) जनतालाई उपलब्ध गराउने सार्वजनिक सेवालाई जनमैत्री, छिटो, छरितो, सुलभ, कम खर्चिलो र झन्झट मुक्त बनाउने ।

ढ) भूकम्प, बाढी पहिरो, डुबान, भू-क्षय तथा आगलागी जस्ता विपदबाट हुने जनधनको क्षति कम गर्नका लागि डिजिटल प्रविधिको प्रयोग गरी पूर्व सतर्कता प्रणालीको प्रबन्ध गर्ने ।

११. जैविक विविधता तथा विज्ञान प्रविधि

'जैविक विविधता संरक्षण, दिगो विकासको व्यवस्थापन'

क) विकासको नाममा जैविक वातावरण तथा पर्यावरणमा समस्या उत्पन्न हुने गरी मुनाफाका लागि प्राकृतिक स्रोत साधनको दोहन हुन नदिने ।

ख) चुरे क्षेत्रको उत्खनन गरी ढुङ्गा गिट्टी, बालुवा निर्यात गर्ने कार्यलाई रोक लगाउने । चुरे र शिवालिक पर्वत श्रृङ्खलाको संरक्षणका लागि सञ्चालित चुरे संरक्षण कार्यक्रमलाई प्रभावकारी बनाई तराई मधेस क्षेत्रको मरुभूमीकरण रोक्ने ।

ग) वन, वातावरण र नदी नियन्त्रणका कार्यक्रमलाई प्राथमिकता दिने । प्रदेशको जल, जमिन र जङ्गलमा पर्यावरणीय अधिकार तथा जैविक विविधता संरक्षण गर्न ठोस कदम चाल्ने ।

घ) ठूला नदीको बहुउद्देश्यीय उपयोग र एकीकृत विकासको नीति लागू गर्ने र वातावरणीय प्रभाव मूल्याङ्कन ९भ्क्ष्ब० को आधारमा कार्यान्वयन गर्ने ।

ङ) सहरी विकासका पूर्वाधारको निर्माण तथा विकास आयोजनाहरू कार्यान्वयन गर्दा वातावरणमैत्री बनाउने तथा सांस्कृतिक सम्पदामा असर पर्न नदिने ।

च) हरित गृह, प्रदूषण आदिका कारण हुने तापमान वृद्धि र त्यसले निम्त्याउने प्राकृतिक विपदको जोखिम अन्त्यका लागि ठोस सतर्कता प्रणाली अपनाउने ।

छ) डिजिटल प्रदेशको अवधारणालाई सार्थक बनाउन सूचना तथा सञ्चार क्षेत्रलाई विकास र विस्तार गर्न ठोस नीति र कार्यक्रम तय गर्ने ।

ज) जनताको सूचनाको हकको ग्यारेन्टी गर्ने, पूर्णप्रेस स्वतन्त्रता प्रत्याभूत गर्ने र गोपनीयताको हकको सुनिश्चितता गर्ने ।

